# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, मंसिर ६ गते, २०७८ साल (संख्या ३१

## भाग ३

## सर्वोच्च अदालतको सूचना

### सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली, २०७८

सर्वोच्च अदालत नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली पूर्ण बैठकको निर्णय बमोजिम सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २ मा संशोधनः** सर्वोच्च अदालत नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (थ) पछि देहायका खण्ड (द) र (ध) थपिएका छन्ः-

"(द) "पेसी व्यवस्थापन निर्देशन समिति" भन्नाले नियम ११०ख. बमोजिमको समिति सम्झनु पर्छ।

(ध) "पेसी सूची" भन्नाले साप्ताहिक पेसी सूची, पूरक पेसी सूची र दैनिक पेसी सूचीलाई सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) अदालतको साप्ताहिक पेसी सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रक्रियाको प्रयोजनको लागि पूर्ण बैठक कक्षमा पेस गर्ने,"

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) मुलुकी देवानी संहिता, २०७४ को दफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३०, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५८, ६५, ८७, १५६ र १६७ बमोजिम परेका निवेदन तथा कारवाही उपर कानून बमोजिम निकासा दिने,"

(२) उपनियम (२) मा रहेका "प्राप्त अधिकारमध्ये" भन्ने शव्दहरु पछि "पेसी सूची तयार गर्ने बाहेकको अन्य" भन्ने शव्दहरु थपिएका छन्।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) मुख्य रजिस्ट्रारले पेसी व्यवस्थापन निर्देशन समितिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही साप्ताहिक तथा दैनिक पेसी सूची तयार गर्दा गोपनीयता कायम गर्नु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः-

"(ढ) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५४ र २६७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५३ बमोजिम परेका निवेदन तथा कारवाही उपर कानून बमोजिम निकासा दिने,"

५. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को उपनियम (१) मा रहेका "पन्ध्र दिन" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (६) को अन्तमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

" तर तारिखमा रहेका व्यक्तिलाई छुट्टै भरपाई दिनुपर्ने छैन।"

(२) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छः-

"(६क) यस नियम बमोजिम निवेदन दर्ता गर्न ल्याउँदा निवेदकहरूको संख्या धेरै भएमा छुट्टै पानामा दस्तखत गराउन सकिनेछ।"

७. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को उपनियम (२) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं. वा १२४ग नं." भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (४) र दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमावलीको नियम २० मा संशोधनः** मूल नियमावलीको नियम २० को सट्टा देहायको नियम २० राखिएको छः-

"२०. **पेसी तथा इजलास व्यवस्थापनः** (१) अदालतमा दर्ता भएको मुद्दाको सुनुवाइको लागि इजलासको गठन र पेसी सूची निर्धारण गोला प्रक्रियाद्वारा हुनेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि पेसी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन समेतको कार्य पेसी व्यवस्थापन निर्देशन समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

९. **<u>मूल नियमावलीको नियम २२ मा संशोधनः</u>** मूल नियमावलीको नियम २२ को उपनियम (२) को खण्ड (च) मा रहेका "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

१०. **<u>मूल नियमावलीको नियम २३ मा संशोधनः</u>** मूल नियमावलीको नियम २३ को उपनियम (२) को खण्ड (च) मा रहेका "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

११. **<u>मूल नियमावलीको नियम २४ मा संशोधनः</u>** मूल नियमावलीको नियम २४ को उपनियम (२) को खण्ड (छ) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं वा १२४ग नं." भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (४) र दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३" भन्ने शब्दहरू राखिएका छन्।

१२. **<u>मूल नियमावलीको नियम २५ मा संशोधनः</u>** मूल नियमावलीको नियम २५ को उपनियम (२) को खण्ड (घ) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं वा १२४ग नं." भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (४) र दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **<u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१ को ठाउँ ठाउँमा रहेका "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

१४. **<u>मूल नियमावलीको नियम ५५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्याद तारेखमा हाजिर हुनुपर्ने व्यक्ति काबु बाहिरको परिस्थिति उत्पन्न भई म्याद वा तारेख गुज्रिएको कुरा उल्लेख गरी देहायबमोजिमको अवधिभित्र निवेदन दिएमा अदालतले त्यस्तो म्याद वा गुज्रेको तारेख थमाउन आदेश दिनेछः-

(क) अदालतमा उपस्थित हुनपर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफै किरिया वा किरियासरहको शोकवरण गरी बस्नुपरेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटाको म्याद बाहेक सात दिनभित्र,

(ख) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक साठी दिनभित्र,

(ग) अदालतमा उपस्थित हुनुपर्ने म्याद भित्र खोलो पहिरो वा हिउँले बाटो बन्द भई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा कर्फ्युको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र,

(घ) अदालतमा उपस्थित हुनुपर्ने म्याद भित्र भुकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिनभित्र,

(ङ) अदालतमा उपस्थित हुनुपर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरिर बन्धक बनाएको भए त्यस्तो अपहरण वा शरिर बन्धकबाट मुक्त भएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र,

(च) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँड्डुल गर्न नसक्ने भई वा अशक्त बिरामी भएको कारण हिँड्डुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा उपचार गराई फर्केको पन्ध्र दिनभित्र,

(छ) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँड्डुल गर्न नसक्ने भई वा अशक्त बिरामी भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारण हिँड्डुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-४ बाहेकका अन्य मुद्दाको पक्षको हकमा तीन महिनाभन्दा बढी नहुने गरी अस्पतालबाट डिस्चार्ज नभएसम्मको अवधि भित्र।"

**१५.** **मूल नियमावलीको नियम ६५ मा संशोधनः** मूल नियमावलीको नियम ६५ को उपनियम (१) मा रहेका "राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८" भन्ने शब्दहरु पछि "र प्रशासकीय अदालत ऐन, २०७६ को दफा १६" भन्ने शब्दहरु थपिएका छन्।

**१६.** **मूल नियमावलीको नियम ६७ मा संशोधनः** मूल नियमावलीको नियम ६७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) पुनरावलोकनको निवेदन, मुद्दा दोहोऱ्याई हेरी पाँउ भन्ने निवेदन र पुनरावेदनको अनुमतिको निवेदनमा अनुमति प्रदान भई पुनरावेदन सरह दर्ता भएपछि प्रत्यर्थी झिकाउँदा वा पुनरावेदन पत्रमा प्रत्यर्थी झिकाउने आदेश भई प्रत्यर्थी झिकाउँदा बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र उपस्थित हुन अनुसूची-९ बमोजिमको ढाँचामा म्याद तामेल गर्नु पर्नेछ।"

**१७.** **मूल नियमावलीको नियम ६८ मा संशोधनः** मूल नियमावलीको नियम ६८ मा रहेको "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. बमोजिम" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यविधि संहिता, २०७४ को दफा २१३ को उपदफा (३) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

१८. **मूल नियमावलीको नियम ७१ मा संशोधनः** मूल नियमावलीको नियम ७१ मा रहेको "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९४ नं." भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७" भन्ने शब्दहरु राखिएका छन्।

१९. **मूल नियमावलीको नियम ७३ मा संशोधनः** मूल नियमावलीको नियम ७३ को उपनियम (१) मा रहेका "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

२०. **मूल नियमावलीको नियम ७४ मा संशोधनः** मूल नियमावलीको नियम ७४ को उपनियम (१०) मा रहेका "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

२१. **मूल नियमावलीको नियम ७५ मा संशोधनः** मूल नियमावलीको नियम ७५ को,-

(१) उपनियम (१) मा रहेका "प्रधान न्यायाधीशसमक्ष" भन्ने शब्दहरूको सट्टा "मुख्य रजिस्ट्रारसमक्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम पेसी सूची तयार गर्दा गठन हुन सक्ने इजलास संख्या यकिन गरी समूह छुट्ट्याई तयार गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (३) मा रहेका "सम्बन्धित अधिकारीले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११ नं." भन्ने शब्दहरुको सट्टा "मुख्य रजिस्ट्रारले न्याय प्रशासन ऐन, २०७३ को दफा २८क" भन्ने शब्दहरु राखिएका छन्।

२२. **मूल नियमावलीको नियम ७६ मा संशोधन:** मूल नियमावलीको नियम ७६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) साप्ताहिक पेसी सूचीमा परेका मुद्दा मध्येबाट पेसी व्यवस्थापन निर्देशन समितिको निर्देशन र यस नियमावली बमोजिम बनाई लागू गरिएको निर्देशिकाको प्रक्रिया बमोजिम इजलास गठन गरी दैनिक मुद्दा पेसी सूची तयार गरी मुख्य रजिस्ट्रारले अदालत र सम्बन्धित इजलासको सूचना पाटीमा टाँस्न लगाई त्यसको एकप्रति सम्बन्धित न्यायाधीशले पाउने प्रबन्ध मिलाउने छ।"

(२) उपनियम (४) मा रहेको "प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (५) को,-

"(अ) खण्ड (क) मा रहेको "साधक" भन्ने शब्द झिकिएको छ।

(आ) खण्ड (घ) र (ज) को सट्टा देहायका खण्ड (घ) र (ज) राखिएका छन्:-

"(घ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गत दायर भएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थुनुवाका निवेदन,

(ज) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ र २५० अन्तर्गत दायर भएका निवेदन"

(ई) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

"(ण१) अपाङ्गता भएको व्यक्तिको मुद्दा",

(उ) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

"(थ१) महिला विरूद्धको हिंसासम्बन्धी मुद्दा",

(ऊ) खण्ड (भ) मा रहेको "प्रधान न्यायाधीश" भन्ने शव्दहरूको सट्टा "पेसी व्यवस्थापन निर्देशन समिति" भन्ने शव्दहरू राखिएका छन्।"

(४) उपनियम (६क) र (११) झिकिएका छन्।

२३. **मूल नियमावलीको नियम ७७ मा संशोधनः** मूल नियमावलीको नियम ७७ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) मुद्दाको पक्ष वा कानून व्यवसायीले काबुबाहिरको परिस्थिति परी मुद्दा इजलाससमक्ष पेस हुने दिनमा अदालतमा उपस्थित हुन नसक्ने भनी साप्ताहिक पेसी सूचीबाटै कुनै मुद्दा स्थगित गर्न निवेदन दिएमा मुद्दाको दर्ता मिति, अन्तरिम आदेश वा अग्राधिकार प्रदान गरे वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेको विवरण, सो निवेदनपूर्व साप्ताहिक वा दैनिक पेसी सूचीबाट स्थगित भए वा नभएको कुरासमेत हेरी व्यहोरा मनासिब लागेमा पेसी व्यवस्थापन निर्देशन समितिले निवेदकको मागबमोजिम त्यस्तो मुद्दा साप्ताहिक पेसी सूचीबाटै स्थगित गर्न सक्नेछ।"

(२) उपनियम (३) झिकिएको छ।

(३) उपनियम (४) मा रहेका "उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु झिकिएका छन्।

२४. <u>**मूल नियमावलीको नियम ८३ मा संशोधन:**</u> मूल नियमावलीको नियम ८३ को उपनियम (१) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ९२ नं. बमोजिम" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ र ११६क. बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

२५. <u>**मूल नियमावलीको नियम ९० मा संशोधन:**</u> मूल नियमावलीको नियम ९० को उपनियम (१) मा रहेका "एक महिना" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिन" भन्ने शब्दहरू राखिएका छन्।

२६. <u>**मूल नियमावलीको नियम ९१ मा संशोधन:**</u> मूल नियमावलीको नियम ९१ को,-

(१) उपनियम (१) मा रहेको "सात दिन" भन्ने शब्दहरूको सट्टा "एक्काइस दिन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) झिकिएको छ।

(३) उपनियम (४) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं." भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३ को उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

२७. <u>मूल नियमावलीमा नियम ११०ख. थप:</u> मूल नियमावलीको नियम ११०क. पछि देहायको नियम ११०ख. थपिएको छः-

"**११०ख.** <u>**पेसी व्यवस्थापन निर्देशन समिति**</u>: (१) अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न एक पेसी व्यवस्थापन निर्देशन समिति रहनेछ।

(२) पेसी व्यवस्थापन निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रधान न्यायाधीश --------------------अध्यक्ष

(ख) वरिष्ठतम् दुई जना न्यायाधीश ----------सदस्य

(३) कुनै कारणवश प्रधान न्यायाधीश वा वरिष्ठतम् दुईजना न्यायाधीशमध्ये कुनै एक वा दुवैजना अनुपस्थित रहेमा सो अवधिको लागि त्यसपछिको वरिष्ठतम् न्यायाधीशले पेसी व्यवस्थापन निर्देशन समितिको अध्यक्ष वा सदस्य भई कार्य गर्नेछ।

(४) मुख्य रजिस्ट्रारले पेसी व्यवस्थापन निर्देशन समितिको सचिवको रुपमा काम गर्नेछ ।

(५) पेसी व्यवस्थापन निर्देशन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र सार्वजनिक विदा परी अदालत बन्द रहेको अबस्थामा बाहेक एक बैठक र अर्को बैठक बीचको अन्तर सात दिन भन्दा बढी हुने छैन।



मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) पेसी व्यवस्थापन निर्देशन समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) पेसी व्यवस्थापन निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मुद्दा पेसी चढाउन निश्चित मापदण्ड बनाउने,

(ख) पेसी व्यवस्थापनलाई पारदर्शी र विश्वसनीय बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

(ग) पेसी व्यवस्थापनका सम्बन्धमा निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने,

(घ) गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन सम्बन्धी निर्देशिका बमोजिम पेशी व्यवस्थापन गर्ने गराउने,

(ङ) गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकाको कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निकासा दिने,

(च) पेसी व्यवस्थापनका सम्बन्धमा मुख्य रजिस्ट्रारलाई आवश्यक निर्देशन दिने ।

२८. **मूल नियमावलीको नियम १३५ मा संशोधनः** मूल नियमावलीको नियम १३५ को उपनियम (१) मा रहेका "मुलुकी ऐन दण्ड सजायको महलको २४ नं. को" भन्ने शब्दहरुको सट्टा "मुलुकी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देवानी कार्यविधि संहिता, २०७४ को दफा २४६ को" भन्ने शब्दहरु राखिएका छन्।

२९. **मूल नियमावलीको नियम १४८ मा संशोधनः** मूल नियमावलीको नियम १४८ को उपनियम (१) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ र दफा ६३ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

३०. **मूल नियमावलीको नियम १५० मा संशोधनः** मूल नियमावलीको नियम १५० मा रहेका "मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ र दफा ६३ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

३१. **मूल नियमावलीको नियम १५२ मा संशोधनः** मूल नियमावलीको नियम १५२ को उपनियम (१) मा रहेका "पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**नारायणप्रसाद पन्थी**
**रजिस्ट्रार ।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।